website: www.ganyapdhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9848612770

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गणेशपुर, डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : ०७६/७७

२०७६/११/१३ गते

## प्रेस विज्ञप्ती !

नेपाल सरकारको विगत स्थानीय तह संचालन पूर्वदेखि नै छनौट प्रक्रिया पुरागरी संचालित मुक्त हलिया पुर्नःस्थापना कार्यक्रमका लागी यस गन्यापधुरा गाउँपालिकामा रहेका मुक्त हलियाहरुमध्ये पुर्नःस्थापना सुचीकरणमा परेका व्यक्तिहरुका लागी आ.व.०७५/०७६ मा संघीय सरकारबाट २०७६ असार मसान्तमा यस गाउँपालिकालाई प्राप्त भएको रकम रु.२,४४,३५०००। गाउँपालिकाले अनियमितता गरी गरीब र बिपन्न मुक्त हलियाहरुको लागी प्राप्त भएको सरकारी रकमको चरम दुरुपयोग र हिनामिना भएको भन्ने सुदुरपश्चिम राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७६/११/१२ गतेको प्रकाशित समाचार तथा विभिन्न संचार माध्यमहरुबाट आधारहीन आरोप सहितको समाचार, आम गुनासो र यस क्षेत्रका जिम्मेबार भनिने केही राजनीतिक दलका नेता, कार्यकर्ताबाट जनताहरु विच व्यापक भ्रम सिर्जना भइरहेको कार्यप्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ र यस्तो दुरासयपूर्ण कार्यको गाउँपालिका सरकार घोर भर्त्सना, निन्दा एवं त्यस्ता गैरजिम्मेवारपूर्ण व्यक्ति, संस्था तथा संचार माध्यमहरु प्रति सर्वप्रथम खेद प्रकट गर्दछ ।

आर्थिक वर्षको अन्तमा प्राप्त हुन आएको मुक्त हलिया पुर्नःस्थापना कार्यक्रमको सो रकम प्रचलित नियम, कानुन तथा वितरण कार्यविधिको परिधिभित्र रही सम्वन्धित वर्ग समुदायमा वितरण गर्न गाउँपालिकाले सक्दो प्रयास गर्दा गर्दै पनि नेपाल सरकारले शसर्त तर्फ पठाईएको कार्यक्रममा विधि र प्रक्रिया बमोजिम "क", "ख", "ग", "घ" गरी ४ वर्गमा वर्गीकरण भएअनुसारका यस गाउँपालिका भित्रका ८४ मुक्त हलियाका परिवारहरुलाई प्रष्ट वितरण कार्यविधिको अभाव, आर्थिक वर्षको अन्तिम घडिमा समय अभावको कारण वितरण गर्न नसकिएको र असार मसान्तमा खर्च हुन नसकेको सो कार्यक्रमको रकम नेपाल सरकारको संचित कोषमा नियमानुसार फिर्ता, दाखिला गरिसकेको व्यहोरा सम्वद्ध सबै आमनागरिक र सरोकारवालाहरुमा अवगत गराउन चाहन्छौ ।

राजनैतिक प्रतिशोधपुर्ण तरिकाले जुनखालको अराजकता एवं भ्रामक प्रचारवाजी गरी कुण्ठीत मनशायका साथ गा.पा.लाई बद्नाम गराउन यस क्षेत्रका जिम्मेवार भनिने केही राजनितिक दलका नेता तथा कार्यकर्ताबाट भैरहेको सन्दर्भमा के जानकारी गराउन चाहन्छौ भने, नेपालको संविधानको धारा-२७ बमोजिम जुनसुकै नागरिकहरुले आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सुचना वा जानकारी प्राप्त गर्ने प्रद्धत्त अधिकार रहेको अवस्थामा सो बारे पनि वास्तविक सत्य तथ्य जानकारी प्रदान गर्न सदैव गाउँपालिका तयार रहेको साथै रकम अनियमितता सम्वन्धमा गैह्र जिम्मेवारपूर्ण भ्रामक प्रचार गर्न उद्धत्त रहेका व्यक्ति तथा संगठनहरुले नागरिकहरुलाई गलत प्रचार गर्नुपूर्व छानविनका लागी सरोकारवाला निकायहरु, देशै भरिका मुक्त हलिया पुर्नःस्थापना कार्यक्रम लागु भएका स्थानीयतहवाट समेत वास्तविक जानकारी लिई यस गाउँपालिकाका पदाधिकारी एवं कर्मचारीहरु दोषी प्रमाणित भए जतिबेला पनि सजाय भोग्न तयार रहेका छौ, साथै मुक्त हलिया पुर्नःस्थापना कार्यक्रम निकट चालु आ.व.मा सुचारु गर्न नेपाल सरकारसँग गाउँपालिका जोडदार माग गर्दछ र सत्य तथ्य बुझ्न, यस्तो भ्रामक प्रचारवाजी तथा हल्लाको पछि नलाग्न सम्वन्धित सबै गन्यापधुरा बासीहरुमा हार्दिक अपिलका साथ नेपाल सरकारबाट मुक्त हलिया पुर्नःस्थापना कार्यक्रम यस बर्ष पनि प्राप्त भएमा गाउँपालिकाले सम्वन्धित व्यक्ति तथा परिवारहरुलाई नियमानुसार वितरणका लागी सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्दछौ ।

धन्यवाद !

प्रवक्ता
ईन्द्र बहादुर कार्की
ईन्द्र बहादुर कार्की